
# हाम्रो सुनापति
# आधारभूत तह (कक्षा ६–८) को स्थानीय विषयको
# पाठ्यक्रम २०७८






## सुनापति गाउँ कार्यपालिकाको कार्यालय

## हिलेदेवी, रामेछाप

पाठ्यक्रम : स्थानीय विषयको पाठ्यक्रम (कक्षा ६-८)

प्रकाशक : सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप

प्रमुख सल्लाहकार : गाउँपालिका अध्यक्ष श्री धावा लामा

सल्लाहकार : गाउँपालिका उपाध्यक्ष श्री गीता विष्ट चौँलागाई

सल्लाहकार : प्रमुख प्रशासकीय अधिकृत कमलराज श्रेष्ठ

पाठ्यक्रम निर्माण समिति :

संयोजक : श्री दिनानाथ गौतम

सदस्य : श्री कमलबहादुर बम

सदस्य : श्री पासाङ लामा

सदस्य : श्री डेमा लामा

सदस्य : श्री एकनाथ चौलागाई

सदस्य : श्री हिरालाल मोक्तान

सदस्य : श्री गोपाल श्रेष्ठ

सदस्य : श्री तिलक बहादर बल

सर्वाधिकार : प्रकाशकमा निहित

२०७८ .......... गतेको गाउँ कार्यपालिकाबाट स्वीकृत तथा ..................... को गाउँ सभावाट अनुमोदित

मुद्रण : ........ प्रति

प्रथम संस्करण : वि.सं. २०७८

सुनापति गाउँपालिकाको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन ।

# भूमिका

शिक्षा विकासको आधार हो । मानव संसाधन विकासको प्रमुख साधन शिक्षा हो । मानव संसाधन विकासमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाको माध्यमवाट नै समाजमा व्याप्त असमानता, पछौटेपन र गरिवीको अन्त गरी सुसंस्कृत सभ्य समाज निमार्ण गर्न सकिन्छ । आयमूलक, गुणस्तरीय तथा व्यवहारिक शिक्षाले परिवार, समाज र राष्ट्रको आर्थिक सामाजिक रूपान्तरण गर्न सक्दछ । शिक्षालाई परिणाममुखी बनाउन यसलाई सान्दर्भिक र आवश्यकतामूलक तुल्याउनु पर्छ । उपलब्ध मानव पुँजीलाई आन्तरिक र बाह्य बजारको माग सुहाउँदो तुल्याउन उपयुक्त शिक्षा नीति, कार्यक्रम र प्रविधिको प्रयोगमा जोड दिनुपर्छ । शैक्षिक प्रक्रियावाट व्यक्तिगत स्वार्थ भन्दा राष्ट्रहित र राष्ट्रियतालाई सर्वोपरी ठानी कर्तव्य निर्बाह गर्ने जनशक्तिको विकास गर्नु आजको आवश्यकता हो । सामाजिकीकरणको प्रक्रियामा सहयोगी, मानवीय मूल्य मान्यताप्रति प्रतिबद्ध र राष्ट्र निर्माणमा दृढसंकल्पित र स्पष्ट शिक्षा नीति र त्यसको कार्यान्वयनले मात्रै समृद्ध मुलुक बन्न सक्छ ।

सुनापति गाउँपालिका प्रचुर सम्भावनाहरू बोकेको अनुपम स्थल हो । यहाँको भौगोलिक अवस्थाअनुसार स्थान विशेष फरक फरक पहिचान र विशेषता रहेको छ । यहाँका जल, जमिन, जङ्गल, जडिबुटी र संस्कृति लगायत प्राकृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरू अमूल्य नीधि हुन् । यी स्रोतहरूको पहिचान, संरक्षण, संवर्धन र पूर्ण उपयोग गर्न गाउँपालिकाले उचित नीति अवलम्वन गर्दै आएको छ । स्रोत साधनहरूलाई उत्पादन तथा विकाससँग जोड्न गाँउपालिकाले शिक्षा नीतिलाई यसको प्रमुख कडीको रूपमा लिई आधारभूत तह(कक्षा ६-८) मा स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।

संवैधानिक व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐनको वास्तविक कार्यन्वयन गर्न निर्मित यस स्थानीय पाठ्यक्रम विकास गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मार्गदर्शन र आधारभूत तह (कक्षा ६-८) पाठ्यक्रम २०७७ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ समेतलाई आधार मानिएको छ । आधारभूत तह ( कक्षा ६-८) पाठ्यक्रम २०७७ मा मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषाका लागि ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरिएको छ । स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषाको ज्ञान, सिप र प्रविधि पेसा तथा व्यवसाय अभिमुखीकरणसम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय तहको सहयोग र समन्वयमा कार्यान्वयन गर्न सक्ने प्रावधान रहेको छ । यसैलाई आधार मानी स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री स्थानीय तहले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयन गर्न लागेको हो ।

पाठ्यक्रम निर्माण हुनु मात्रै महत्वपूर्ण कार्य होइन । यसको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेक्षित सक्षमता/उद्देश्यहरू हासिल हुन सक्दछन् । तसर्थ यो पाठ्यक्रमको प्रभावकारी कार्यन्वयनमा सम्बद्ध सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता हुनु जरुरी छ । त्यसका निम्ति सिक्नका लागि सिकाउने वैयक्तिक शिक्षण र नवीन शैलीहरू अवलम्बन गरी सिकाइ सहजीकरण गर्नुपर्दछ । यी सबै पक्षलाई आत्मसात गरी यो पाठ्यक्रम तयार गरिएको छ । तसर्थ यो पाठ्यक्रमले सुनापति गाउँपालिकाको शिक्षालाई व्यवहारिक र जीवन उपयोगी बनाउन सफल हुनेछ भन्ने कुरामा पूर्ण विश्वस्त छौं ।

निर्धारित समयावधि भित्र कार्ययोजना निर्माण, पाठ्यक्रम मस्यौदा समिति गठन, विज्ञहरूसँगको परामर्श, सरोकारवालाहरूसँग सुझाव सङ्कलन एवम् प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र संघ संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गोष्ठी लगायतका महत्वपूर्ण कार्य प्रक्रिया अवलम्वन गरी व्यापक छलफल र बहस पश्चात् यो पाठ्यक्रम तयार भएको छ । यस प्रक्रियामा सक्रिय सहभागी यस गाउँपालिकाका जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरूसमेतको सहभागिताप्रति गाउँपालिका सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछ । यो पाठ्यक्रमको मस्यौदा निर्माण समितिका संयोजक श्री दिनानाथ गौतम, सदस्यहरू श्री कमलबहादुर बम, श्री पासाङ लामा, श्री डेमा लामा, श्री एकनाथ चौंलागाईं, श्री

हिरालाल मेक्तान, श्री गोपाल श्रेष्ठ, श्री तिलकबहादुर बल रहनुभएको थियो । पाठ्यक्रमलाई मुर्तरुप दिन महत्वपूर्ण योगदान पुऱ्याउनु हुने गाउँपालिकाका उपाध्यक्ष श्री गीता विष्ट चौँलागाइ, प्रमुख प्रशासकीय अधिकृत श्री कमलराज श्रेष्ठ लगायत पाठ्यक्रम निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस गाउँपालिकाले निर्माण गरेको यो पाठ्यक्रमलाई सुनापति गाउँपालिकामा प्रभावकारी रूपमा कार्यन्वयन गर्न सम्बद्ध सरोकारवाला पक्ष सबैको अहम् भूमिका रहने अपेक्षा गरिएको छ । यस पाठ्यक्रमको समसामयिक सुधारका लागि सबैसँग रचनात्मक राय, सल्लाह र सुझावको अपेक्षा गर्दछु ।

धावा लामा
अध्यक्ष
सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेवी, रामेछाप ।

## १. परिचय

पाठ्यक्रम शिक्षण सहजीकरण कार्यलाई व्यवस्थित र निर्देशित गर्ने दस्तावेज हो । संघीय सरकारबाट निर्माण गर्ने पाठ्यक्रमले सबै स्थानीय विविधता समेट्न नसक्ने कुरा निश्चित नै छ । विविधतायुक्त हाम्रो देशमा स्थानीय विशेषतालाई समेट्न स्थानीय विषयको पाठ्यक्रम स्थानीय आवश्यकता अनुसार तयार गरिएको छ । यसको विकास र कार्यान्वयनमा स्थानीय विज्ञ र सरोकारवालालाई संलग्न गराउँदै सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय साधन र स्रोतको पूर्ण उपयोग गर्नुपर्छ । यस विषयलाई स्थानीय विषयको पाठ्यक्रमको मुख्य अङ्गको रूपमा अध्यापन गर्नुको उद्देश्य स्थानीय ज्ञान, सिप, सामग्री र प्रविधिको विकास गराउँदै उत्कृष्ठ नागरिक तयार गर्नु हो । त्यसैले यस पाठ्यक्रमलाई मूलत : स्थानीय आवश्यकता र सिप विकासका पक्षमा केन्द्रित गरिएको छ । त्यसका लागि यस पाठ्यक्रमले निम्न लिखित पक्षहरूमा जोड दिएको छ :

(क) पाठ्यक्रमलाई गतिशील, उपयोगी र व्यवहारिक बनाउने

(ख) सक्षमतामा आधारित सिपगत पाठ्यवस्तुको छनोट र स्थानीय विशिष्टता कायम गर्ने

(ग) स्थानीय सिप प्रविधिमा आधारित विधा/विषयहरूको क्षेत्र र क्रमलाई निर्धारण गर्ने

(घ) विषयवस्तुहरू क्रियाकलापमुखी शिक्षण विधिबाट प्रस्तुति र सहजीकरण गर्ने ।

## २. तहगत सक्षमता

पाठ्यक्रमले विद्यार्थीहरूमा निश्चित सक्षमताहरू विकास गर्ने अपेक्षा राखेको हुन्छ । यस्ता सक्षमताहरू विद्यालय शिक्षामा तहगत रूपमा व्यवस्थित गरी विकास गरिन्छ । सक्षमताकै आधारमा पाठ्यक्रममा सिकाइ उपलब्धिहरू तयार गरी तदनुरूप विषयवस्तुको चयन, सिकाइ सहजीकरण प्रक्रियाको निर्धारण तथा मूल्याङ्कन प्रक्रिया निर्दिष्ट गर्नुपर्छ ।

यस तहको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सुनापति गाउँपालिकाको भौगोलिक, ऐतिहासिक र आर्थिक अवस्थाको ज्ञान र सिप हासिल गरी गुणस्तरीय जीवनका लागि उपयोग

(ख) सुनापति गाउँपालिका भित्रका सामाजिक, भौगोलिक, सांस्कृतिक विशेषताको पहिचान र सम्मान भावको विकास

(ग) सुनापति गाउँपालिका भित्रका ऐतिहासिक र प्राकृतिक सम्पदाहरूको संरक्षण, प्रवर्धन र विकासमा सहभागिता

(घ) स्वास्थ्य, प्राकृतिक विपत्ति र प्रकोपप्रति सचेत रही उत्थानशील उपायहरू अवलम्वन

(ङ) वातावरणमैत्री र सुरक्षित विद्यालयको विकासमा जिम्मेवारपूर्ण आचरणको विकास

## ३. कक्षागत सिकाइ उपलब्धि

### कक्षा ६

१. गाउँपालिकाको परिचय दिन र नक्सा हेरी साँध सिमाना छुट्टयाउन

२. आफ्नो गाउँपालिकाको वडागत रूपमा जातिगत वितरण र तिनको जनसंख्या बताउन

३. आफ्नो वडामा रहेको विद्यालयहरूको सूची तयार गर्न

४. स्थानीय स्तरमा गरिने फलफुल खेतीको पहिचान गर्न, मौसमअनुसार गरिने फलफुल खेतीको जानकारी प्रस्तुत गर्न

५. तरकारी खेतीका लागि माटोको तयारी गर्न, माटो संरक्षण गर्ने तरिका बताउन

६. आफ्नो घर र विद्यालयमा गरिने मसलाबाली खेती गर्न र त्यस्ता कर्यमा सकेको सहयोग पुर्‍याउन

७. अन्नबाली खेतीका लागि मौसमको पहिचान गर्न, बिउ छनोट गर्न र सिंचाइ गर्ने तरिका बताउन र

८. गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेतीका लागि उपयुक्त क्षेत्र पहिचान गर्न

९. स्थानीय क्षेत्रमा भएका दुग्धजन्य व्यवसाय पहिचान गर्न

१०. घरपालुवा पशुपंक्षीहरूको  हेरचाह र सुरक्षा गर्न

११. विपत जोखिमका कारण र न्यूनीकरण गर्ने उपायहरू बताउन

१२. स्थानीय प्राकृतिक स्रोतहरूको प्रयोगवाट गाउँपालिकालाई भएको फाइदा बताउन र यसको संरक्षण गर्न

१३. समुदायमा प्रचलित संस्कारहरूको जानकारी लिन र यसको संरक्षणमा सहयोग गर्न

१४. स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलको पहिचान गर्न र स्थलगत भ्रमण गरी सामान्य प्रतिवेदन तयार गर्न

१५. स्थानीय उद्योग तथा व्यवसायहरूको स्थलगत भ्रमण गरी त्यहाँ प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति आदि समेटी प्रतिवेदन तयार गर्न

१६. वनजंगल तथा वन्यजन्तुको जानकारी  लिई तिनको संरक्षणमा समुदायको भूमिका बताउन

१७. स्थानीय वनजंगलवाट पाउन सकिने फाइदा व्याख्या गर्न र तिनको संरक्षण गर्न

**कक्षा ७**

१. गाउँपालिकाको गठन, काम, कर्तव्य र अधिकार उल्लेख गर्न

२. आफ्नो गाउँपालिकामा भएका विकास निर्माणका कामहरू प्रस्तुत गर्न

३. मौसमअनुसार गरिने फलफुल खेतीको जानकारी प्रस्तुत गर्न

४. मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र सुख्खा तरकारी तयारी र भण्डारण कार्यमा सहयोग पुर्‍याउन

५. मौसमअनुसार मसलाबाली खेती र प्राङ्गारिक मलको प्रयोग गर्न

६. आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली खेती, प्राङ्गारिक मलको प्रयोग र त्यस्ता कार्यमा सकेको सहयोग गर्न

७. गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेतीका लागि उपयुक्त माटो, हावापानी पहिचान गर्न र त्यस्ता कार्यमा सहभागी हुन

८. दुधका विभिन्न परिकारहरू (दुध, दही, घिउ, खुवा, छुर्पी र चिज) उत्पादन गर्न र त्यस्ता कार्यमा सहयोग पुर्‍याउन

९. घरपालुवा पशुपंक्षीहरूको लागि सन्तुलित आहारको जानकारी प्रस्तुत गर्न

१०. विपत जोखिमका कारण, न्यूनीकरण गर्ने उपायहरू र त्यसबाट बच्ने उपायको अभ्यास गर्न

११. प्राकृतिक स्रोतहरूको प्रयोगबाट गाउँपालिका र स्थानीय समुदायलाई भएको फाइदा बताउन र तिनको संरक्षण गर्न

१२. समुदायमा प्रचलित संस्कारहरूमा सहभागी हुन र संरक्षण कार्यमा सहयोग गर्न

१३. स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलको स्थलगत भ्रमण गरी प्रतिवेदन तयार गर्न

१४. स्थानीय उद्योग तथा व्यवसायहरूको स्थलगत भ्रमण गरी त्यहाँ प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति आदि समेटी प्रतिवेदन तयार गर्न

१५. वनजंगल तथा वन्यजन्तु संरक्षणमा स्थानीय समुदाय र सरकारी तथा गैरसरकारी संस्थाको भूमिका उल्लेख गर्न

१६. स्थानीय वनजंगलवाट पाउन सकिने फाइदाको सूची तयार गर्न र त्यसको व्याख्या गर्न

**कक्षा : ८**

**१.** विकासको अवधारणा व्यक्त गर्न

२. गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरू उल्लेख गर्न

३. मौसमअनुसार गरिने फलफुलको उत्पादन र भण्डारण गर्न

४. उत्पादित तरकारीको संरक्षण र भण्डारण गर्न

५. मौसमअनुसार मसलाबाली खेती तरकारीमा प्रयोग र बजार व्यवस्थापन गर्न

६. घुम्ती अन्नबाली खेती, मलको प्रयोग र सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा सहभागी हुन

७. गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेती गर्ने तरिका वर्णन गर्न र त्यस्ता कार्यमा सहभागी हुन

८. दुधका विभिन्न परिकारहरू (दुध, दही, घिउ, खुवा, छुर्पी र चिज) उत्पादन गर्न

९. घरपालुवा पशुपंक्षीहरूमा लाग्ने समान्य रोगहरूको लक्षण, चिह्न पहिचान र उपचार गर्ने तरिका बताउन

१०. विपत जोखिमका कारण, न्यूनीकरण गर्ने उपायहरू र त्यसबाट बच्ने उपायको अभ्यास गर्न

११. प्राकृतिक स्रोतहरूको प्रयोगवाट गाउँपालिका र स्थानीय समुदायलाई भएको फाइदा बताउन र तिनको संरक्षण गर्न

१२. आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरूमा सहभागी हुन र तिनको पालना गर्न

१३ स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन गर्न

१४. स्थानीय स्तरमा सञ्चालन गर्न सकिने कृषि र गैर कृषिमा आधारित साना उद्योग तथा व्यवसायहरूको खोजी गर्न

१५. वनजंगल तथा वन्यजन्तु संरक्षणमा गाउँपालिकाको भूमिका उल्लेख गर्न

१६. स्थानीय वनजंगलको वर्तमान अवस्था उल्लेख गर्न र त्यसको सदुपयोग गर्न ।

४. विषयवस्तरको क्षेत्र र क्रम

कक्षा : ६

| क्र.स | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | मुख्य सिकाइ कार्यकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | | ● गाउँपालिकाको परिचय र साँध सिमाना<br><br>● वडागत रुपमा जातजातिको जनसंख्या<br><br>● वडामा रहेको विद्यालयहरू | ● गाउँपालिकाको नामाकरण, क्षेत्रफल, नक्सा<br><br>● गाउँपालिकाको जातजातिगत वितरण र तिनको जनसङ्ख्या<br><br>● आफ्नो वडामा रहेको विद्यालयहरू | ● गाउँपालिकाको ठुलो नक्सा देखाउँदै गाँउपालिकाको साँध सिमाना चिनाउने<br><br>● गाँउपालिकाको क्षेत्रफल बताइदिने<br><br>● वडामा रहेका जातिगत विवरण सम्वन्धी तथ्याङ्क गाँउपालिका कार्यालयवाट ल्याई त्यसलाई बारग्राफ वा अन्य तालिकामा देखाएर तुलना गर्न लगाउने<br><br>● वडा भित्र रहेका सबै शैक्षिक संघ संस्थाहरूको पहिचान गरी समूहगत रुपमा सूची तयार गर्न लगाउने | ● गाउँपालिकाको क्षेत्रफल बताउन लगाएर<br><br>● जिल्लाको नक्सामा सुनापति गाउँपालिको साँध सिमाना देखाउन लगाएर<br><br>● पालिकाको जातिगत वितरण सम्बन्धी प्रश्नहरू सोधेर<br><br>● वडा भित्र रहेका सबै शैक्षिक संघ संस्थाहरूको सूची तयार गर्न लगाएर | ६ |
| २ | कृषि | फलफुल | ● घर र विद्यालयमा गरिने फलफुल खेती कार्यमा सकेको सहयोग | ● सुन्तला, जुनार, कागती, निबुवा, हलुवाबेद, आलुचा, आरु, नासपाती, भोगटे, आँप, अँगुर, केरा, अम्बा, कटहर, मेवा, सखरखण्ड, स्याउ र किवी लगायतको खेतीमा सहयोग | ● विद्यार्थीहरूलाई विभिन्न समुहमा विभाजन गरी विद्यालयको जमिनमा उत्पादन हुने फलफुलका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, फलफुल टिप्ने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी गराउने<br>● फलफुल खेतीको आर्थिक लाभ तथा फलफुलको खानाको रूपमा फाइदाका सम्बन्धमा छलफल | ● समूह कार्यको मूल्याङ्कन गरेर<br>● फलफुल खेतीको फाइदाहरू लेख्न लगाएर | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गर्ने | | |
| | | तरकारी | • घर र विद्यालयमा गरिने तरकारी खेती कार्यमा सकेको सहयोग | • सागपात, बन्दागोभी, काउली, लसुन, प्याज, गोलभेडा, काक्रा, फर्सि, सिमी, बोडी, केराउ, बकुल्ला, गाजर, मुला, खुसार्नी, करेला, चिचिन्डा, घिरौँला, लौका, रामतोरिया, आलु लगायतको खेतीमा सहयोग | • विद्यालय वरपरको तरकारी खेती गरिएको ठाँउको स्थलगत भ्रमण गराउने<br>• विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विद्यालयको जमिनमा उत्पादन हुने तरकारीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, टिप्ने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी गराउने<br>• तरकारी खेतीको आर्थिक लाभका सम्वन्धमा समूहमा छलफल गर्ने | • समूह कार्यको मूल्याङ्कन गरेर<br>• तरकारी खेतीको फाइदाहरू लेख्न लगाएर | १२ |
| | | मसलाबाली | • घर र विद्यालयमा गरिने मसलाबाली खेती कार्यमा सकेको सहयोग | • अलैची, बेसार, अदुवा, टिमुर, खुर्सानी, प्याज, लसुन मेथी, धनिया लगायतको मसलाबाली खेतीमा सहयोग | • वरपरको मसलाबाली खेती गरिएको ठाँउको स्थलगत भ्रमण गराउने<br>• विद्यार्थीहरूलाई विभिन्न समुहमा विभाजन गरी विद्यालयको जमिनमा उत्पादन हुने मसलाबालीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, फलफुल टिप्ने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी गराउने<br>• मसलाबालीको खेतीको आर्थिक लाभ र खानाको लागि फाइदाका सम्बन्धमा छलफल गर्ने | • समूह कार्यको मूल्याङ्कन गरेर<br>• मसलाबाली खेतीको फाइदाहरू लेख्न लगाएर | १२ |
| | | अन्नबाली | • आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली खेती कार्यमा सकेको सहयोग | • मकै, गहुँ, कोदो, फापर, धान, जौ लगायतको अन्नबाली खेतीमा सहयोग | • आफ्नो समुदायमा उत्पादन हुने मुख्य मुख्य अन्नबालीको बोट वा बिउ संकलन गर्न लगाउने र छलफल गर्ने<br>• विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी अन्नबालीका बिउ छर्ने, बिरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, बाली भित्र्याउने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी गराउने | • आफ्नो समुदायमा उत्पादन हुने अन्नबालीको नाम बताउन लगाएर<br>• विभिन्न हावापानीमा उत्पादन हुने अन्न बालीको बिउ छर्ने, विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, बाली भित्र्याउने तरिका | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ● विभिन्न विधि प्रयोग गरी अन्नबालीको महत्वको बारेमा प्रस्ट पार्ने | लेख्न लगाएर र त्यस्ता कार्यमा सहभागिता जनाएर | |
| | | चिया कफि तथा दुधका परिकार | ● चिया र कफि, दुधका परिकार | ● गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेतीका लागि उपयुक्त क्षेत्र पहिचान<br>● स्थानीय क्षेत्रमा भएका दुग्धजन्य व्यवसाय र यसका फाइदाहरू | ● चिया तथा कफि खेती गर्न आवश्यक हावापानी सम्बन्धमा जानकारी गराउने<br>● गाउँपालिकाको कुन कुन क्षेत्रमा चिया तथा कफि खेती लगाउन सकिन्छ, बताइदिने<br>● स्थानीय क्षेत्रका डेरी तथा चिज उद्योगहरूको भ्रमण गराउने र त्यसबाट हुने फाइदाहरू सम्बन्धमा टिपोट गर्न लगाउने | ● गाउँपालिकामा चिया तथा कफि खेती गर्न सकिने क्षेत्र भन्न लगाएर<br>● स्थानीय दुध डेरी तथा चिज उद्योगहरूको सूची तयार गर्न लगाएर<br>● त्यसबाट हुने फाइदाहरू सम्बन्धमा टिपोट गर्न लगाएर | ६ |
| | | पशुपंक्षी पालन | ● वरपरको घरपालुवा पशुपंक्षीहरूको हेरचाह र सुरक्षा | ● भेडाबाखा पालन, गाईभैंसी पालन, माछा पालन, कुखुरा पालन, मौरी पालन, बंगुर पालन, कालिज र बट्टाइ पालन लगायतका पशुपंक्षीहरूको हेरचाह र सुरक्षा | ● पशुपंक्षीको महत्व सम्बन्धमा समूहमा छलफल गराउने र टिपोट गर्न लगाउने र टोली प्रमुखलाई पालैपालो प्रस्तुत गर्न लगाउने<br>● पशुपंक्षीहरूको हेरचाह र सुरक्षा गर्ने तरिका सम्बन्धी भिडियो सामग्री प्रदर्शन गरी छलफल गर्ने | ● घरवरपर पालिएका घरपालुवा जनावरहरूको फाइदा प्रस्तुत गर्न लगाएर<br>● पशुपंक्षीहरूको हेरचाह गर्ने तरिकाको बारेमा लेख्न लगाएर | १२ |
| ३ | विपद् तथा जलवायु परिवर्तन | | ● विपतका कारण र न्यूनीकरणका उपाय | ● वरपर घट्न सक्ने विपत जोखिम( पहिरो, आगलागी, भूकम्प,, हावाहुरी, तापक्रम बृद्धि, पानीको मुहान सुक्नु, खडेरी)का कारण र न्यनीकरण गर्ने उपायहरू | ● स्थानीय क्षेत्रमा घट्न सक्ने विपद जोखिमहरू( पहिरो, आगलागी, भूकम्प,, हावाहुरी, तापक्रम बृद्धि, पानीको मुहान सुक्नु, खडेरी)को पहिचान गरी ती जोखिमका कारण सम्बन्धमा छलफल गर्ने<br>● विपद् पूर्वतयारीका लागि विधिहरू अवगत गराउने-जस्तै झटपट झोला, सम्भावित विपद्को पूर्व अभ्यास गराउने | ● विपद् जोखिमका कारणहरू सोधेर<br>● विपद् पूर्व अभ्यासको अवलोकन गरेर | ६ |
| ४ | स्थानीय प्राकृतिक | | ● स्थानीय प्राकृतिक | ● चौँरी खोला, खानी | ● चौँरी खोला, खानी खोला, स्थानीय सामुदायिक | ● चौँरी खोला, खानी खोला, | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्रोत र सम्पदा | स्रोतहरूको प्रयोगबाट गाउँपालिकालाई भएको फाइदा | खोला र स्थानीय सामुदायिक वनहरूको प्रयोग | वनहरूको उपयोग सम्बन्धमा अभिभावकहरूसँग सोध्ने परियोजना कार्य गर्न लगाई कक्षामा छलफल गराउने | स्थानीय वनहरूबाट लिइएको फाइदा लेख्न लगाएर | |
| ५ | स्थानीय धार्मिक स्थल, संस्कार र संस्कृति | ● समुदायमा प्रचलित संस्कारहरूको संरक्षणमा सहयोग गर्न | ● समुदायमा प्रचलित संस्कारहरूको संरक्षण | ● गाउँपालिकामा भएका मठ, मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाहरूको सरसफाइ तथा संरक्षणमा सहभागी गराउने<br>● स्थानीय समुदायको चाडपर्व, असल परम्पराको विकास, भाषा कलाको संरक्षणमा विद्यार्थीहरूको भूमिका सम्बन्धमा छलफल गर्ने | ● गाउँपालिकामा भएका मठ, मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाहरूको सरसफाइ तथा संरक्षणमा सहभागीता अवलोकन गरेर<br>● संस्कारको संरक्षण तथा विकासका लागि आफ्नो भूमिका लेख्न लगाएर | १० |
| ६ | स्थानीय ऐतिहासिक र पर्यटकीय स्थल | ● स्थानीय ऐतिहासिक र पर्यटकीय स्थल | ● ऐतिहासिक र पर्यटकीय स्थलको अवलोकन र प्रतिवेदन | ● विभिन्न दृश्य सामग्रीहरूको प्रयोग गरी त्यहाँ आउने पर्यटक र पर्यटकबाट समुदायलाई पुग्ने फाइदाका बारेमा छलफल गराउने,<br>● विद्यार्थीहरूलाई समूहमा विभाजन गरी नजिकको ऐतिहासिक तथा पर्यटकीय स्थलको भ्रमण गरी यसको अवस्थाका बारेमा निश्चित ढाँचामा प्रतिवेदन तयार गर्न लगाउने | ● गाउँपालिका भित्र रहेका ऐतिहासिक पर्यटकीय स्थलको महत्व र फाइदाका बारेमा प्रश्नोत्तर गरेर<br>● प्रतिवेदनको मूल्याङ्कन गरेर | १० |
| ७ | स्थानीय उद्योग तथा व्यवसायहरू | स्थानीय उद्योग तथा व्यवसायहरूमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री | स्थानीय उद्योग तथा व्यवसायहरूमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति | ● गाउँपालिकामा रहेका उद्योग व्यवसायहरू तथा तिनीहरूबाट उत्पादित वस्तुहरूको व्यावसायिक महत्वको बारेमा छलफल, प्रश्नोत्तर गराउने, | ● स्थानीय उद्योग तथा व्यवसायहरूमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | र जनशक्ति | सम्बन्धमा अवलोकन र प्रतिवेदन | विभिन्न दृश्य सामग्रीहरूको प्रयोग गरी उद्योगमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने वस्तुहरू र विकी गर्ने स्थानबारे छलफल गर्ने<br>● निश्चिति ढाँचा दिएर स्थानीय उद्योगहरूका स्थलगत अवलोकन र प्रतिवेदन तयार गर्न लगाई छलफल गराउने | सामग्री र जनशक्ति सम्बन्धमा प्रश्नोत्तर गरेर<br>● प्रतिवेदनको मूल्याङ्कन गरेर | |
| ८ | स्थानीय वन तथा वन्यजन्तु | ● वनजंगल तथा वन्यजन्तु संरक्षणमा स्थानीयको भूमिका<br>● स्थानीय वनजंगलवाट पाउन सकिने फाइदा र तिनको संरक्षण | ● वनजंगल तथा वन्यजन्तु, (बाघ, मृग, बँदेल, दुम्सी, खरायो, चितुवा, बाँदर, कालिज, ढुकुर) संरक्षणमा स्थानीय पाउन सकिने फाइदा र तिनको संरक्षण | समुदायमा भएका वनको संरक्षणमा गाउँलेहरूले गरेका कार्यहरूका सम्बन्धमा विद्यार्थीका अनुभव सुनाउने र संरक्षण कार्यमा समुदाय र विद्यार्थीको भूमिका सम्बन्धमा छलफल गर्ने<br>स्थानीय वनजंगलवाट पाउने फाइदाहरूका बारेमा समूहमा छलफल गरी निचोड निकाल्न लगाउने र तिनको संरक्षणमा स्थानीयको भूमिका उल्लेख गर्ने | ● सामुदायिक वनको संरक्षण कार्यमा समुदाय र विद्यार्थीको भूमिका बताउन लगाएर<br>● सामुदायिक वनवाट हुने फाइदा लेख्न लगाएर<br>● तिनको संरक्षणमा विद्यार्थीको सहभागिताको अवलोकन गरेर | ६ |

**कक्षा : ७**

| क्र. स | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | मुख्य सिकाइ कार्यकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | | ● गाउँपालिकाको काम,कर्तव्य र अधिकार<br>● वडामा भएका विकास निर्माणका कार्यहरू | ● गाउँपालिकाको काम, कर्तव्य र अधिकार<br>वडामा भएका विकास निर्माणका कार्यहरू | ● गाउँपालिकाको काम, कर्तव्य र अधिकारको चार्ट प्रस्तुत गरी छलफल गर्ने<br>● वडामा भएका विकास निर्माणका कार्यहरूको सूची तयार गर्न लगाउने | ● गाउँपालिकाको काम, कर्तव्य र अधिकार उल्लेख गर्न लगाएर<br>● वडामा भएका विकास निर्माणका कार्यहरूको सूची तयार गर्न लगाएर | ६ |
| २ | कृषि | फलफुल | ● घर र विद्यालयमा गरिने फलफुल खेती कार्यमा सकेको सहयोग | ● किवी, कागती, स्याउ, जुनार, सुन्तला, खुर्पानि, केरा नासपती, अम्बा खेती लगायतको खेतीमा सहयोग | ● विद्यार्थीहरूलाई फलफुलका विरुवा भएका विभिन्न स्थानमा अवलोकन गराउने र प्रतिवेदन तयार गर्न लगाउने<br>● फलफुल खेतीको आर्थिक लाभ तथा फाइदाका सम्वन्धमा छलफल गरी टिपोट गर्न लगाउने | ● प्रतिवेदन तयार गरे नगरेका आधारमा मूल्याङ्कन गरेर<br>● फलफुल खेतीको फाइदाहरू टिपोट गर्न लगाएर | १२ |
| | | तरकारी | ● घर र विद्यालयमा गरिने तरकारी खेती कार्यमा सकेको सहयोग | ● सागपात, बन्दागोभी, काउली, लसुन, प्याज, गोलभेडा, काका, फर्सि, सिमी, बोडी, केराउ, बकुल्ला, गाँजर, मुला, खुसार्नी, करेला, | ● वरपरको तरकारी खेती गरिएको ठाँउको स्थलगत भ्रमण गराउने<br>● विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विद्यालयको जमिनमा उत्पादन हुने तरकारीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, टिप्ने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी | ● समूह कार्यको मूल्याङ्कन गरेर<br>● तरकारी खेतीको फाइदाहरू लेख्न लगाएर | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | चिचिन्डा, घिरौला, लौका, रामतोरिया, आलु लगायतको खेतीमा सहयोग | गराउने<br>● तरकारी खेतीको आर्थिक लाभ र तरकारीको फाइदाका सम्बन्धमा छलफल गर्ने | | |
| | | मसलाबाली | ● घर र विद्यालयमा गरिने मसला बाली खेती कार्यमा सकेको सहयोग | ● अलैची, बेसार, अदुवा, टिमुर, अकवरे खुर्सानी, प्याज, लसुन लगायतको मसलाबाली खेतीमा सहयोग | ● वरपरको मसलाबाली खेती गरिएको ठाँउको स्थलगत भ्रमण गराउने<br>● विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विद्यालयको जमिनमा उत्पादन हुने मसला बालीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, फलफुल टिप्ने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी गराउने<br>● मसला बालीको खेतीको आर्थिक लाभ र यसका फाइदाका सम्बन्धमा छलफल गर्ने | ● समूह कार्यको मुल्याङ्कन गरेर<br>● मसलाबाली खेतीको फाइदाहरू लेख्न लगाएर | १२ |
| | | अन्नबाली | ● आफ्नो घर र विद्यालयमा गरिने अन्नबाली खेती कार्यमा सकेको सहयोग | ● धान, मकै, गहुँ, कोदो, फापर, जौ, उवा लगायतको अन्नबाली खेतीमा सहयोग | ● आफ्नो वडामा उत्पादन हुने मूख्य मूख्य अन्नबालीको बोट वा विउ संकलन गर्न लगाउने र छलफल गर्ने<br>● विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विद्यालयको जमिनमा उत्पादन हुने अन्नबालीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, भित्र्याउने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी गराउने<br>● विभिन्न विधि र चार्टहरूको प्रयोग गरी अन्नबालीको महत्वको बारेमा प्रस्ट पार्ने | ● वडामा मूख्य उत्पादन हुने अन्नबालीको नाम बताउन र लेख्न लगाएर<br>● विभिन्न हावापानीमा उत्पादन हुने अन्न बालिको महत्व लेख्न र चार्ट बनाउन लगाएर<br>● विद्यार्थीहरू अन्नबालीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने, भित्र्याउने, खाने र बजारमा विक्री गर्ने कार्यमा सहभागी भए | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नभएको अवलोकन गरेर | |
| | | चिया कफि तथा दुधका परिकार | ● चिया र कफि तथा दुधका परिकार | ● गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेतीका लागि उपयुक्त क्षेत्र पहिचान<br>● स्थानीय क्षेत्रमा भएका दुग्धजन्य व्यवसाय | ● गाउँपालिकाको कुन कुन क्षेत्रमा चिया तथा कफि खेती लगाउन सकिन्छ,, कस्तो हावापानी र माटो चाहिन्छ, समूहमा छलफल गरी पालैपालो भन्न लगाउने र अन्त्यमा शिक्षकले निष्कर्ष बताइदिने<br>● स्थानीय क्षेत्रका डेरी तथा चिज उद्योगहरूको स्थलगत भ्रमण गराउने | ● गाउँपालिकामा चिया तथा कफि खेती गर्न सकिने सम्भाव्य क्षेत्र भन्न लगाएर<br>● स्थानीय स्तरमा सञ्चालित दुध डेरी तथा चिज उद्योगहरूको सूची तयार गर्न लगाएर | ६ |
| | | पशुपंक्षी पालन | ● वरपरको घरपालुवा पशुपंक्षीहरूको हेरचाह र सुरक्षा | ● भेडाबाखा पालन, गाईभैंसी पालन, माछा पालन, कुखुरा पालन, मौरी पालन, चौरी पालन, बंगुर पालन लगायतका पशुपंक्षीहरूको हेरचाह र सुरक्षा | ● पशुपंक्षीको महत्व सम्बन्धमा छलफल गराउने र टिपोट गर्न लगाउने र शिक्षकले पृष्ठपोषण प्रदान गर्ने<br>● पशुपंक्षीहरूको हेरचाह र सुरक्षा गरिएको भिडियो सामग्री प्रदर्शन गरी छलफल गर्ने | ● घरपालुवा जनावरहरूको फाइदा लेख्न लगाएर<br>पशुपंक्षीहरूको सुरक्षा र हेरचाह गर्ने तरिकाको बारेमा टिपोट गर्न लगाएर | १२ |
| ३ | विपद् तथा जलवायु परिवर्तन | | ● विपतका कारण र न्यूनीकरणका उपाय | ● वरपरका घट्न सक्ने विपत जोखिमका कारण र न्यनीकरण गर्ने उपायहरू | ● स्थानीय क्षेत्रमा घट्न सक्ने विपद जोखिमहरूको पहिचान गरी ती जोखिमका कारण सम्वन्धमा छलफल गर्ने<br>● विपद् पूर्वतयारीका लागि विधिहरू अवगत गराउने-जस्तै झटपट झोला, सम्भावित विपद्को पूर्व अभ्यास गराउने | ● विपद् जोखिमका कारणहरूसोधेर<br>● विपद् पूर्व अभ्यासको अवलोकन गरेर | ६ |
| ४ | स्थानीय प्राकृतिक स्रोत र | | ● स्थानीय प्राकृतिक स्रोतहरूको | ● कामा खोला, खानी खोला, सुनकोशी नदी, | ● कामा खोला, खानी खोला, चौंरी खोला, सुनकोशी नदी, स्थानीय सामुदायिक वनहरूको | ● कामा खोला, खानी खोला, चौंरी खोला, | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्पदा | प्रयोगवाट गाउपालिकालाई भएको फाइदा | स्थानीय सामुदायिक वनहरूको प्रयोग | उपयोग सम्बन्धमा अभिभावकहरूसँग सोध्ने, परियोजना कार्य गर्न लगाई कक्षामा छलफल गराउने | सुनकोशी नदी, स्थानीय सामुदायिक वनहरूको उपयोगबाट लिइएको फाइदा बारेमा व्याख्या गर्न लगाएर | |
| ५ | स्थानीय धार्मिक स्थल, संस्कार र संस्कृति | ● स्थानीय धार्मिक स्थल(खाँडादेवी, कालीदेवी, जलदेवी, भुटनदेवी, कृष्ण मन्दिरको संरक्षण<br>● समुदायमा प्रचलित संस्कारहरूको पालना | ● स्थानीय धार्मिक स्थल( कुशेश्वर महादेव, खाँडादेवी, कालीदेवी, जलदेवी, भुटनदेवी, कृष्ण मन्दिर, बुद्ध स्तुपा, उर्गेन छयोलिङ पाङ गुम्बाको संरक्षण<br>● समुदायमा प्रचलित संस्कार(जन्म, विवाह, मृत्यु)हरूको पालना | ● गाउँपालिकामा भएका धार्मिक स्थल लगायत सांस्कृतिक सम्पदाहरूको सरसफाइ तथा संरक्षणमा सहभागी गराउने<br>● स्थानीय जातजातिअनुसारको संस्कार पालनामा विद्यार्थीहरूको भूमिका सम्बन्धमा छलफल गर्ने | ● गाउँपालिकामा भएका धार्मिक स्थल लगायत सास्कृतिक सम्पदाहरूको सरसफाइ तथा संरक्षणमा सहभागी भए नभएको अवलोकन गरेर<br>● आफ्नो समुदायमा प्रचलित संस्कारको पालनाका लागि आफ्नो भूमिका सम्बन्धमा संक्षिप्त टिपोट गर्न लगाएर | १० |
| ६ | स्थानीय ऐतिहासिक र पर्यटकीय स्थल | ● स्थानीय ऐतिहासिक र पर्यटकीय स्थल | ● सुनापति डाँडा, शहिद स्मृति पार्क, फलाम पोखरी, ऐतिहासिक लगायत ऐतिहासिक र पर्यटकीय स्थलको अवलोकन र प्रतिवेदन | ● विभिन्न दृश्य सामाग्रीहरूको प्रयोग गरि त्यहाँ आउने पर्यटक र पर्यटकबाट समुदायलाई पुग्ने फाइदाका बारेमा छलफल गराउने,<br>● विद्यार्थीहरूलाई समूहमा विभाजन गरी नजिकको ऐतिहासिक तथा पर्यटकीय स्थलको भ्रमण गराई यसको अवस्थाका बारेमा निश्चित | ● गाउँपालिका भित्र रहेका ऐतिहासिक पर्यटकीय स्थलको महत्व र फाइदाका बारेमा प्रश्नोत्तर गरेर<br>● प्रतिवेदनको मूल्याङ्कन | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ढाँचामा प्रतिवेदन तयार गर्न लगाउने | गरेर | |
| ७ | स्थानीय उद्योग तथा व्यवसायहरू | स्थानीय उद्योग तथा व्यवसायहरूमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति | स्थानीय उद्योग तथा व्यवसायहरूमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति सम्बन्धमा अवलोकन र प्रतिवेदन | ● गाउँपालिकामा रहेका उद्योग व्यवसायहरूतथा तिनीहरूबाट उत्पादित वस्तुहरूको व्यवसायिक महत्वको बारेमा छलफल, प्रश्नोत्तर गराउने<br>● निश्चित ढाँचा दिएर स्थानीय उद्योगहरूका स्थलगत अवलोकन र प्रतिवेदन तयार गर्न लगाउने | ● स्थानीय उद्योग तथा व्यवसायहरूमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति सम्बन्धमा प्रस्नोत्तर गरेर<br>● प्रतिवेदनको मूल्याङ्कन गरेर | १२ |
| ८ | स्थानीय वन तथा वन्यजन्तु | ● वनजंगल तथा वन्यजन्तु संरक्षणमा स्थानीयको भुमिका<br>● स्थानीय वनजंगलवाट पाउन सकिने फाइदा | ● वनजंगल तथा वन्यजन्तु संरक्षणमा स्थानीयको भुमिका<br>● स्थानीय वनजंगलवाट पाउन सकिने फाइदा | ● समुदायमा भएका वनको संरक्षणमा गाउँलेहरूले के के गरेका छन् विद्यार्थीका अनुभव सुनाउने अवसर प्रदान गर्दै संरक्षण कार्यमा सरकारी तथा गैरसरकारी संस्थाको भूमिका सम्बन्धमा छलफल गर्ने<br>● स्थानीय वनजंगलवाट पाउने फाइदाहरूका बारेमा समूहमा छलफल गरी निचोड निकाल्न लगाउने | ● सामुदायिक वनको संरक्षण कार्यमा सरकारी तथा गैरसरकारी संस्थाको भूमिका बताउन लगाएर<br>● सामुदायिक वनबाट हुने फाइदा लेख्न लगाएर | ६ |

**कक्षा : ८**

| क्र.स | विषयवस्तुको क्षेत्र/एकाइ | | क्षेत्रगत सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | मुख्य सिकाइ कार्यकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | | • विकासको अवधारणा<br>• गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरू | • विकासको अवधारणा<br>• गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरू | • विकासको अवधारणा सम्बन्धमा समूहमा छलफल गरी पालैपालो प्रस्तुत गर्न लगाउने<br>• गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरूको सूची तयार गर्न लगाउने | • विकासको अवधारणा सम्बन्धमा समूहमा छलफल गरी पालैपालो प्रस्तुत गर्न लगाएर<br>• गाउँपालिकामा भएका प्रमुख विकासका कार्यहरूको सूची तयार गर्न लगाएर | ६ |
| २ | कृषि | फलफुल | मौसमअनुसार गरिने फलफुलको उत्पादन र भण्डारण | • किवी, कागती, स्याउ, जुनार, सुन्तला, खुर्पाने, केरा नासपती, अम्बा उत्पादन र भण्डारण | • विद्यार्थीहरूलाई मौसमअनुसार गरिने फलफुलको उत्पादन र भण्डारण गरिएका विभिन्न स्थानमा अवलोकन गराउने र प्रतिवेदन तयार गर्न लगाउने | • प्रतिवेदन तयार गरे नगरेका आधारमा मूल्याङ्कन गरेर<br>• फलफुलको उत्पादन र भण्डारण गर्ने तरिका टिपोट गर्न लगाएर | १२ |
| | | तरकारी | उत्पादित तरकारीको संरक्षण र भण्डारण | • काउली, लसुन, प्याज, गोलभेडा, काका, फर्सि, सिमी, बोडी, केराउ, बकुल्ला, गाजर, मुला, खुसार्नी, करेला, लौका, | • घर तथा विद्यालय वरपरको तरकारीको संरक्षण र भण्डारण गरिएको ठाँउ(कोल्ड स्टोर)को स्थलगत भ्रमण गराउने र संरक्षण तथा भण्डारण गर्ने तरिका सम्बन्धमा | • समूह कार्यको मूल्याङ्कन गरेर<br>• उत्पादित तरकारीको संरक्षण र भण्डारण गर्ने तरिका लेख्न लगाएर | १२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | रामतोरिया, आलु आदिको संरक्षण र भण्डारण | टिपोट गर्न लगाउने | | |
| | | मसलाबाली | ● मौसमअनुसार मसलाबाली खेती, तरकारीमा प्रयोग र बजार व्यवस्थापन | ● मौसमअनुसार अलैची, बेसार, अदुवा, अकवरे खुर्सानी, प्याज, लसुन लगायतको मसलाबाली खेतीमा सहयोग<br>● तरकारीमा प्रयोग<br>● मसलाबालीको बजार व्यवस्थापन | ● वरपरको मसलाबाली खेती गरिएको ठाँउको स्थलगत भ्रमण गराउने<br>● विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी मसला बालीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने र फल टिप्ने सम्बन्धमा छलफल गराउने<br>● विद्यार्थीहरूलाई अलैंची, बेसार, अदुवा, टिमुर, अकवरे खुर्सानी, प्याज, लसुन तरकारीमा प्रयोग गर्ने तरिका बताइदिने<br>● विद्यार्थीहरूलाई बजारमा विक्री गर्ने कार्यमा सहभागी गराउने | ● मसला बालीका विरुवा रोप्ने, हुर्काउने, हेरचाह गर्ने र फल टिप्ने तरिका लेख लगाएर<br>● अलैंची, बेसार, अदुवा, टिमुर, अकवरे खुर्सानी, प्याज, लसुन आदि तरकारीमा प्रयोग गर्ने तरिका लेख्न लगाएर | १२ |
| | | अन्नबाली | ● घुम्ती अन्नबाली खेती, मलको प्रयोग र सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा सहभागी हुन | ● घुम्ती अन्नबाली खेती, मलको प्रयोग र सिँचाइको व्यवस्था र त्यस्ता कार्यमा सहभागी हुन | ● आफ्नो गाउँमा उत्पादन हुने मूख्य मूख्य अन्नबालीको बिरुवा वा बिउ संकलन गर्न लगाउने र छलफल गर्ने<br>● विद्यार्थीहरूलाई घर तथा विद्यलयमा गरिने अन्नबालीका लागि मलको प्रयोग र सिँचाइको व्यवस्था गर्ने कार्यमा सहभागी गराउने | ● आफ्नो गाउँमा उत्पादन हुने अन्नबालीको बिरुवा तथा बिउ संकलन गरे नगरेका अधारमा मूल्याङ्न गर्ने<br>● घर तथा विद्यालयमा गरिने अन्नबालीका लागि मलको प्रयोग र सिँचाइको व्यवस्था गर्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर | १२ |
| | | चिया कफि तथा दुधका परिकार | ● गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेती गर्ने तरिका र | ● गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेती गर्ने तरिका र त्यस्ता | ● गाउँपालिका क्षेत्रमा चिया तथा कफि खेती गर्ने तरिका र त्यस्ता कार्यमा सहभागी गराउने<br>● स्थानीय क्षेत्रका डेरी तथा चिज उद्योगहरूको | ● चिया तथा कफि खेती गर्ने तरिका र त्यस्ता कार्यमा सहभागी भए नभएको | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | त्यस्ता कार्यमा सहभागिता<br>दुधका विभिन्न परिकारहरू | कार्यमा सहभागिता<br>● दुधका विभिन्न परिकारहरू (दुध, दही, घिउ, खुवा, छुर्पी र चिज) उत्पादन | स्थलगत भ्रमण गराउने र दुधका विभिन्न परिकारहरू (दुध, दही, घिउ, खुवा, छुर्पी र चिज) उत्पादन गर्ने तरिका बताइदिने । | अवलोकन गरेर<br>● स्थानीय स्तरमा सञ्चालित दुध डेरी तथा चिज उद्योगहरूको सूची तयार गर लगाएर र दुधका विभिन्न परिकारहरू उत्पादन गर्न सहभागी भए नभएको अवलोकन गरेर | |
| | | पशुपंक्षी पालन | ● घरपालुवा पशुपंक्षीहरूमा लाग्ने समान्य रोगहरूको लक्षण, चिह्न पहिचान र उपचार गर्ने तरिका | ● घरपालुवा पशुपंक्षीहरूमा लाग्ने समान्य रोगहरूको लक्षण, चिह्न पहिचान र उपचार गर्ने तरिका | ● पशुपंक्षीहरूमा लाग्ने समान्य रोगहरूको लक्षण, चिह्न पहिचान र उपचार गर्ने तरिका सम्बन्धमो भिडियो सामग्री प्रदर्शन गरी छलफल गर्ने, टिपोट गर्न लगाउने र शिक्षकले पृष्ठपोषण प्रदान गर्ने | ● पशुपंक्षीहरूमा लाग्ने समान्य रोगहरूको लक्षण, चिह्न पहिचान र उपचार गर्ने तरिका लेख्न लगाएर | १२ |
| ३ | विपद् तथा जलवायु परिवर्तन | | विपत जोखिमका कारण, न्यूनीकरण गर्ने उपायहरू र त्यसबाट बच्ने उपायको अभ्यास | ● विपत जोखिमका कारण, न्यूनीकरण गर्ने उपायहरू र त्यसबाट बच्ने उपायको अभ्यास गर्न | ● विपद् पूर्वतयारीका लागि विधिहरू अवगत गराउने-जस्तै झटपट झोला, सम्भावित विपद्को पूर्व अभ्यास गराउने र विपत जोखिमका कारण, न्यूनीकरण गर्ने उपायहरू र त्यसबाट बच्ने उपायको अभ्यास गराउने | ● विपद् पूर्व अभ्यासको अवलोकन गरेर<br>● विपत जोखिमका कारण, न्यूनीकरण गर्ने उपायहरू त्यसबाट बच्ने उपायको अभ्यास गराएर | ६ |
| ४ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | | स्थानीय प्राकृतिक स्रोतहरूको प्रयोगबाट गाउँपालिका र स्थानीय समुदायलाई भएको फाइदा र तिनको | स्थानीय प्राकृतिक स्रोतहरूको प्रयोगवाट गाउँपालिका र स्थानीय समुदायलाई भएको फाइदा र | ● स्थानीय प्राकृतिक स्रोतहरूको प्रयोगवाट गाउँपालिका र स्थानीय समुदायलाई भएको फाइदा बताउन र तिनको संरक्षण गर्ने तरिका सम्बन्धमा परियोजना कार्य गर्न लगाउने | ● स्थानीय प्राकृतिक स्रोतहरूको प्रयोगवाट गाउँपालिका र स्थानीय समुदायलाई भएको फाइदा व्याख्या गर्न लगाएर | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संरक्षण | तिनको संरक्षण | | | |
| ५ | स्थानीय धार्मिक स्थल, संस्कार र संस्कृति | आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरूमा सहभागिता र तिनको पालना | आफ्नो गाउँपालिकामा प्रचलित धार्मिक संस्कारहरू (जन्म, विवाह र मृत्यु)मा सहभागिता र तिनको पालना | • स्थानीय जातजातिअनुसारको संस्कार पालनामा विद्यार्थीहरूको भूमिका सम्बन्धमा छलफल गर्ने र तिनको पालना गर्न प्रोत्साहित गर्ने | • आफ्नो समुदायमा प्रचलित संस्कारको पालनाका लागि आफ्नो भूमिका सम्बन्धमा संक्षिप्त टिपोट गर्न लगाएर र पालना गरे नगरेको अवलोकन गरेर | १० |
| ६ | स्थानीय ऐतिहासिक र पर्यटकीय स्थल | स्थानीय ऐतिहासिक र पर्यटकीय स्थलको संरक्षण र संवर्धन | सुनापति डाँडा, शहिद स्मृति पार्क, फलाम पोखरीको संरक्षण र संवर्धन | • विद्यार्थीहरूलाई समूहमा विभाजन गरी नजिकको ऐतिहासिक तथा पर्यटकीय स्थलको भ्रमण गराउने र यसको संरक्षण र संवर्धन कार्य गर्न केके काम गर्नुपर्ला टिपोट तयार गर्न लगाउने | ऐतिहासिक तथा पर्यटकीय स्थलको संरक्षण र संवर्धनका लागि टिपोट तयार गर्न लगाएर | १० |
| ७ | स्थानीय उद्योग तथा व्यवसायहरू | स्थानीय स्तरमा सञ्चालन गर्न सकिने कृषि र गैर कृषिमा आधारित साना उद्योग तथा व्यवसायहरूको खोजी | स्थानीय स्तरमा सञ्चालन गर्न सकिने कृषि र गैर कृषिमा आधारित साना उद्योग तथा व्यवसायहरूको खोजी | आफ्नो गाउँपालिकामा रहेका स्थानीय स्तरमा सञ्चालन गर्न सकिने कृषि र गैर कृषिमा आधारित साना उद्योग तथा व्यवसायहरूको खोजी गर्न लगाउने र त्यसैका अधारमा छलफल, प्रश्नोत्तर र विभिन्न दृश्य सामग्रीहरूको प्रयोग गर्ने | • स्थानीय उद्योग तथा व्यवसायहरूमा प्रयोग हुने कच्चा पदार्थ, उत्पादन हुने सामग्री र जनशक्ति सम्वन्धमा प्रस्नोत्तर गरेर<br>• प्रतिवेदनको मूल्याङ्कन गरेर | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | स्थानीय वन तथा वन्यजन्तु | वनजंगल तथा वन्यजन्तु संरक्षणमा गाउँपालिकाको भूमिका<br>स्थानीय वनजंगलको वर्तमान अवस्था र त्यसको सदुपयोग | वनजंगल तथा वन्यजन्तु संरक्षणमा गाउँपालिकाको भूमिका<br>● स्थानीय वनजंगलको वर्तमान अवस्था र त्यसको सदुपयोग | ● समुदायमा भएका वनजंगल तथा वन्यजन्तु संरक्षणमा गाउँपालिकाले गरेका कार्यहरूका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत वा वनसँग सम्बन्धित विज्ञसँग अन्तर्क्रिया गर्ने<br>● स्थानीय वनजंगलको वर्तमान अवस्था उल्लेख गर्न र त्यसको सदुपयोग गर्न प्रेरित गर्ने | ● सामुदायिक वनको संरक्षण कार्यमा गाउँपालिकाको भूमिका लेख्न लगाएर<br>● स्थानीय वनजंगलको वर्तमान अवस्था उल्लेख गर्न लगाएर | ६ |

## ५.पठन पाठनको समयावधि

आधारभूत तह कक्षा ६-८ मा स्थानीय विषयका लागि साप्ताहिक ४ कार्यघण्टा र वार्षिक १२८ कार्यघण्टा पठन पाठन गर्नुपर्ने छ ।

## ६. सिकाइ सहजीकरण क्रियाकलाप र विधि

यो पाठ्यक्रमले सुनापति गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक अवस्था र सम्भावनाहरूसँग जोडिएका विषयवस्तु समेटेको छ । पाठ्यक्रमले स्थानीय कृषि, पर्यटन, उद्योग तथा साँस्कृतिक पक्षहरूको प्रत्यक्ष अनुभव मार्फत ज्ञान, सिप र मूल्यको विकास गर्ने उद्देश्य लिएकाले सिकाइका लागि विद्यार्थीहरूलाई स्थलगत अवलोकन भ्रमण, प्रत्यक्ष अनुभव तथा अवलोकन र क्रियाकलापहरूमा सहभागीता गराउने कुरामा जोड दिनुपर्छ । तसर्थ यस विषय क्षेत्रको शिक्षण गर्दा विषयवस्तुको प्रकृतिअनुसार अवलोकन, प्रयोगात्मक कार्य, फिल्ड कार्य, परियोजना कार्य, प्रदर्शन, खोज, क्षेत्र अन्वेषण, प्रश्नोत्तर लगायतका विधिहरूको प्रयोग गर्नुपर्छ । विद्यार्थीका बहुबुद्धिलाई मनन गरी एउटै विषयवस्तुको शिक्षण सिकाइका लागि धेरै किसिमका विधिहरू प्रयोग गर्नुपर्ने छ । कुनै एक विषयवस्तु सिकाइको निश्चित विधि मात्र उपयुक्त हुने भन्ने हुँदैन । शिक्षण सिकाइका लागि विधि तथा रणनीतिहरू छनोट गर्दा आवश्यकता अनुसार गीत, कविता, खेल, वादविवाद, समूह कार्य, जोडी कार्य, भूमिका अभिनय लगायतका थुपै विधि तथा रणनीतिहरूको प्रयोग गरी विषयवस्तु सँगसँगै व्यवहारकुशल सिप, सामाजिकीकरण सिप, उद्यमशीलताका सोच विकासमा पनि जोड दिनुपर्नेछ ।

स्थानीय विषयको अध्ययन अध्यापनले आफ्नो गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक र पर्यावरणीय अवस्थाप्रति परिचित गराउने र यहाँको सम्भावनाहरूको खोजी तथा समस्याहरूप्रति सजग गराउँछ । बालबालिकाले अन्वेषण, अवलोकन र समस्या समाधानका सिपहरू प्रयोग गरेर आफ्नै अनुभवद्वारा सिक्छन् । यसका लागि उनीहरूलाई सकेसम्म बढी प्रयोगात्मक क्रियाकलापमा संलग्न गराउनुपर्दछ । प्रभावकारी शिक्षण सिकाइका लागि शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनुपर्दछ । पाठले दिन खोजेका धारणालाई स्पष्ट पार्न सम्भव भएसम्म मूर्त सामग्री नभए अर्धमूर्त वा अमूर्त सामग्रीको प्रयोग गरी प्रभावकारी बनाउनु जरुरी छ ।

जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थीकेन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो तथा अप्ठ्यारो पर्न सक्छ त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा सहयोग पुर्‍याई समाधान गरिदिनु उचित र सान्दर्भिक हुन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको

नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता तथा सक्रियता : कक्षामा उपस्थिति, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यमा सहभागिता र सक्रियता | ४ |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| ४ | जम्मा | ५० |

**(ख) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

## ८. पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन योजना

कार्यान्वयन योजना

| वर्ष | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|
| कक्षा | ६ | ७ | ८ |